**बाणगंगा नगरपालिका**

**दोश्रो नगर सभाका निर्णयहरु**

**(मिति २०७४ साल चेत्र ९ गते)**

| क्र.सं | प्रस्तावहरु | निर्णय |
|---|---|---|
| १ | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७४ | सर्वसहमतिले पारित |
| २ | बाणगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७४ | सर्वसहमतिले पारित |
| ३ | बाणगङ्गा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४ | सर्वसहमतिले पारित |
| ४ | बाणगङ्गा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन विधेयक, २०७४ | सर्वसहमतिले पारित |
| ५ | बाणगङ्गा नगरपालिकाको सहकारी विधेयक, २०७४ | सर्वसहमतिले पारित |
| ६ | बाणगंगा नगरपालिकाको शिक्षा विधेयक, २०७४ | सर्वसहमतिले पारित |
| ७ | बिशेष सार्वजनिक महत्वको प्रस्ताव<br>१. यस बाणगंगा नगरपालिकामा सुख्खा याममा आगलागी लगायत विपद् व्यववस्थापन सम्बन्धी बढि जोखिम हुने भएकोले सम्पूर्ण नगरबासीहरुलाई सचेत रही विपद् व्यवस्थापनमा सहयोग गरिदिन सबैमा अनुरोध गर्ने ।<br>२. यस बाणगंगा नगरपालिकाको समग्र विकासका लागि दातृ निकाय एवं गैर सरकारी संस्थाहरुलाई सहयोग, सहकार्य एवं साझेदारीका लागि विशेष अनुरोध गर्ने ।<br>३. यस बाणगंगा नगरपालिका क्षेत्र भित्र रहेका नदि नालाहरुबाट जथाभावी ढुंगा, गिटी, बालुवा उत्खनन् गरी नदि दोहन रोक्न सम्वद्ध सबैमा अनुरोध गर्ने ।<br>४. नगर क्षेत्र भित्र सार्वजनिक स्थल एवं सडकको दायाँबायाँ अनधिकृत रुपले यातायातका साधनहरुको पार्किङ्ग र निर्माण सामग्रीहरु राख्दा बजार व्यवस्थापनमा असहज भएकोले तोकिएको स्थानमा सवारी साधन तथा निर्माण सामग्रीहरुको व्यवस्थापन गरी सहरको सौन्दर्यीकरणमा सहयोग पुर्‍याइदिन सम्वद्ध सबैमा अनुरोध गर्ने ।<br>५. हालै कैलाली जिल्लाको टिकापुरमा एक अठार बर्षीय बालिका माथि बोक्सीको आरोपमा भएको दुर्व्यवहार, कुटपिट प्रति दुःख व्यक्ति गर्दै आगामी दिनमा यस्ता घटनाहरु घट्न नदिन तर्फ सचेत हुने सम्वद्ध सबैमा अनुरोध गर्ने । | सर्वसहमतिले पारित |
| ८ | आवश्यक तयारी गरी २०७५ साल श्रावण १ गतेदेखि एकिकृत सम्पत्ती कर कार्यान्वयन गर्ने । | सर्वसहमतिले पारित |
| ९ | नगरपालिकाका पुराना घर नक्सा अभिलेखिकरणको समय २०७५ साल असार मसान्तसम्म समय सीमा बढाउने । | सर्वसहमतिले पारित |
| १० | पशुपंक्षीजन्य वस्तु तथा सेवाको उत्पादन, बजारीकरण गरी किसानको आर्थिक अवस्था सुदृढ गराउन मापदण्ड तयार गरी कार्यान्वयन गर्न नगर कार्यपालिकालाई निर्देशन दिने । | सर्वसहमतिले पारित |
| ११ | सभामा चालु आर्थिक बर्षमा नगरपालिकाबाट सम्पादन भएका कामहरुको समिक्षात्मक प्रगति प्रतिवेदन पेश | प्रगति विवरण जानकारी भयो |

शिवराम मरासिनी